# DCCMC, सर्लाहीको बैठक

## मिति: २०७७/१२/१०

आज मिति २०७७/१२/१० गते मङ्गलबार जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको अध्यक्षतामा तपसिलबमोजिमको पदाधिकारीज्यूहरूको उपस्थितिमा जिल्ला कोभिड संकट व्यवस्थापन समिति (DCCMC) को बैठक बसी देहायका निर्णय गरियोः–

**उपस्थिति**

१. प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङ,

२. जिल्ला समन्वय अधिकारी श्री होमनाथ सुबेदी

३. प्रहरी उपरीक्षक श्री सन्तोषसिंह राठौर

४. सशस्त्र प्रहरी उपरीक्षक श्री गंगाराम श्रेष्ठ

५. उप अनुसन्धान निर्देशक श्री दिलिप कुमार सिंह

६. सहसेनानी श्री मेघ बहादुर थापा

७. नि. स्वास्थ्य कार्यालय प्रमुख श्री बलिराम यादव

९. सहायक प्रमुख जिल्ला अधिकारी श्री भुमिश्वर पोखेल

१०. डा. रवि कुमार शाह, मे. अ., मलंगवा अस्पताल

११. दिपक कुमार साह, WHO-IPD

**विशेष उपस्थिति**

१. जिल्ला समन्वय प्रमुख श्री मैथुर चौधरी, जिल्ला समन्वय समिति, सर्लाही ।

२. नगरप्रमुख श्री निरसल साह, मलंगवा नगरपालिका, सर्लाही ।

३. अध्यक्ष श्री विरेन्द्र प्रसाद शाह, उद्योग वाणिज्य संघ, सर्लाही ।



Scanned with CamScanner

**निर्णय नं. १. गृह मन्त्रालयको च.नं. २८६७ मिति २०७७/१२/०९ गतेको पत्रबाट प्राप्त निर्देशन सम्बन्धमा ।**

हाल कोभिड - १९ को प्रकोप छिमेकी मुलुक भारतमा थप क्रियाशील भई संक्रमितको दर बढ्दै गएको र मृत्युदरमा समेत् वृद्धि भएको सन्दर्भमा खुला सीमानाको कारणबाट मानिसहरूको आवतजावत बढी भएको देखिएकोले स्वास्थ्य मन्त्रालयबाट मिति २०७७/१२/०८ मा समेत प्रेस विज्ञप्तिमार्फत आम नागरिकलाई सजग र सतर्क रही स्वास्थ्य मापदण्ड पालना गराउन अनुरोध समेत गरिएको हुँदा कोभिड-१९ को संक्रमण बढ्न नदिन स्वास्थ्य मन्त्रालयको विज्ञप्तिमा उल्लेख भएका विषयका अतिरिक्त थप सावधानी अपनाउने कार्य गर्नु गराउनु हुन भनी गृह मन्त्रालय, शा.सु. तथा अ.नि. शाखाको च.नं. २८६७ र मिति २०७७/१२/०९ को पत्रबाट आदेश भई आएको हुँदा यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियो:—

**<u>कोभिडको मापदण्ड पालना सम्बन्धमा</u>**

क. कोभिड -१९ संक्रमण फैलिन नदिन चेतनामूलक सन्देश प्रशारण गर्ने । यसका लागि जिल्ला प्रशासन कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्ने । जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा स्वास्थ्य कार्यालय, सर्लाहीले पत्रपत्रिका र सञ्चार माध्यममा सूचना तथा जिङ्गल बनाई प्रकाशन तथा प्रशारण गर्ने ।

ख. स्वास्थ्य कार्यालयबाट स्वास्थ्य परीक्षण गराई संक्रमणको अवस्था फैलिन नदिन अवस्थाको पहिचान गर्ने । संक्रमण जोखिम हेरी आवश्यक स्रोत र जनशक्ति लगायतका पक्षहरूको व्यवस्था गर्ने ।

ग. सेनिटाइजर, मास्क र सामाजिक दूरी (एसएमएस) को मापदण्ड कडा रूपमा पालना गर्ने/गराउने । यसका लागि सबै कार्यालयका प्रमुख, प्रहरी, ट्राफिक प्रहरी र सशस्त्र प्रहरीबाट विशेष निगरानी राख्ने र पालना नभएमा कानूनबमोजिम कारवाही गर्ने ।

घ. सबै सरकारी कार्यालयहरूले एसएमएसको पालना कडा रूपमा लागू गर्ने र यसका लागि जिल्ला प्रशासन कार्यालयले पत्राचार गर्ने ।

ङ. मास्क नलगाउनेलाई संक्रामक रोग ऐन, २०२० बमोजिम अनिवार्य कारवाही गर्ने ।



Scanned with CamScanner

## व्यवसाय रात्रीकालीन व्यवसायको सम्बन्धमा

क. जिल्लाको कोभिड संक्रमणको अवस्था हेरी कुनै पनि व्यवसायमा भिडभाड हुन नदिने । भिडभाड गरी व्यावसाय गर्ने व्यावसायीलाई संक्रामक रोग ऐन, २०२० अनुसार कारवाही गर्ने । यसका लागि उद्योग वाणिज्य संघबाट पत्राचार र जिल्ला प्रशासन कार्यालयबाट सार्वजनिक सूचना प्रकाशन गर्ने ।

ख. अवेरसम्म सञ्चालन नहुने व्यवस्थाका लागि ९:०० बजेसम्म मात्र यस्ता व्यवसाय सञ्चालन हुन पाउने व्यवस्था गर्ने ।

ग. खण्ड क र ख विपरीत पाइएमा प्रचलित कानूनबमोजिम कारवाही गर्ने ।

## होली पूर्णिमाको सम्बन्धमा

क. होलीको समयमा भिडभाड नगर्न जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालय, सर्लाहीबाट सूचना सार्वजनिकीकरण गर्ने ।

ख. प्रहरी, सशस्त्र प्रहरी र स्थानीय पालिकाहरूबाट समेत समन्वयात्मक रूपमा निगरानी गर्ने तथा होलीमा भिड नगर्न आवश्यक वातावरण तयार गर्ने ।

ग. खण्ड क र ख विपरीत पाइएमा प्रचलित कानूनबमोजिम कारवाही गर्ने ।

## सीमा नाकाबाट आउने व्यक्तिको सम्बन्धमा

क. यात्रुहरूको आवतजावतलाई व्यवस्थित गरी निजहरूको अनिवार्य अभिलेख राख्ने ।

ख. सम्बन्धित प्रहरी युनिट र सशस्त्र प्रहरीको बिओपि युनिटबाट अनिवार्य अभिलेख राख्ने ।

ग. नेपाल प्रवेश गर्ने यात्रुहरूलाई अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराएर मात्र प्रवेश गर्न दिन मुख्य नाका (भन्सार नाका) मा मिति २०७७/१२/१२ गतेबाट हेल्थ डेस्कको प्रबन्ध गर्ने ।



Scanned with CamScanner